ADCCN ई बुलेटिन

Association of District Coordination Committees of Nepal

जिल्ला समन्वय समिति महासंघ नेपाल

e - Bulletin

Vol. 1 [Issue – II] (जिल्ला समन्वय समिति महासंघ नेपालको ई-बुलेटिन) E-bulletin, 2018 June-July [2075 Asar]

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माननीय मन्त्री लालबाबु पंडितको उपस्थितिमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिमार्जनको आवश्यकता सम्बन्धमा सरोकारवालाहरुसंग छलफल कार्यक्रमका

२०७५ जेठ ३०, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माननीय मन्त्री लालबाबु पंडितको अध्यक्षतामा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिमार्जनको आवश्यकता सम्बन्धमा सरोकारवालाहरुसंग छलफल कार्यक्रमको आयोजना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरिएको थियो । उक्त कार्यक्रममा मन्त्रालयले तयार गरेको संशोधन प्रस्ताव वाहेक महासंघको तर्फबाट उक्त ऐनमा थपघट गर्नुपर्ने विषयमा बुँदागत प्रस्ताव नै माननीय मन्त्री तथा सचिवज्यूलाई उपलब्ध गराउनुका साथै जिसस महासंघको भूमिकालाई कानूनमा प्रष्ट व्याख्या सहित संविधानले तोकेको कार्यगर्न र सो कार्यको जवाफदेहीता र जिम्मेवारी बारे थप व्यवस्था हुनुपर्ने सुझाव दिइएको थियो । उक्त कार्यक्रममा महासंघको तर्फबाट अध्यक्ष्य श्री सीता कुमारी सुन्दासले महिला हिंसा विरुद्धका तथा भेदभाव विरुद्धका कुरा समावेश गर्न जिससका पदाधिकारीहरुको सेवा सुविधा तथा मर्यादाक्रम बारे धारणा राख्नु भएको थियो भने प्रवक्ता श्री नवराज गेलालले राजश्व बाँडफाँडको अंग जिल्ला समन्वय समितिले पनि पाउने कानूनी प्रवन्ध हुनुपर्ने कुरामा जोड दिँदै जिल्ला सभा संचालन र व्यवस्थापन बारे कानून नियमावलीले समेटनु पर्ने बताउनु भयो । उक्त छलफलमा महासंघको तर्फबाट अध्यक्ष, प्रवक्ता र महासचिव श्री कृष्ण चन्द्र न्यौपानेले भाग लिनु भएको थियो ।

माननीय मन्त्री लालबाबु पण्डितले संशोधन प्रस्ताव ल्याउन सबै संघ/महासंघलाई सात दिनको समय दिनुभएको थियो । तदअनुरुप महासंघले औपचारिक पत्र सहित संसोधन प्रस्ताव मन्त्रालय पठाइसकेको छ ।




# विधान संशोधन तथा नविकरणका लागि गृहमन्त्रालयमा संघ महासंघको डेलिगेशन



मिति २०७५ जेठ ३० गते, जिल्ला समन्वय समिति महासंघ नेपालको नयाँ संरचना अनुकुल विधान संशोधन तथा नविकरणका लागि नेपाल सरकार गृह मन्त्रालयमा प्रस्ताव गरिएको थियो । सो विषयलाई मन्त्रीपरिषदको निर्णयार्थ प्रस्तुत गर्ने विषयमा माननीय गृहमन्त्री श्री राम बहादुर थापा (बादल)संग जिल्ला समन्वय समिति महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघको संयुक्त प्रतिनिधी मण्डलले मन्त्रीलाई भेटी माग भएको विषयमा अविलब्ध कार्यविधिको माग गरिएको थियो । भेटमा मन्त्रीले संघ/महासंघहरु प्रति आफू सकारात्मक भएको र सो अनुसार मन्त्रीपरिषद्बाट स्वीकृत गराउने आश्वासन दिनु भएको थियो ।

# नव नियुक्त कार्यकारी महासचिव श्री कृष्ण चन्द्र न्यौपाने



जिल्ला समन्वय समिति महासंघ नेपालको कार्यकारी महासचिव पदमा मिति २०७५ असार १ गतेदेखि चाँगुनारायण-३, भक्तपुर निवासी श्री कृष्ण चन्द्र न्यौपाने नियुक्त हुनुभएको छ। स्थानीय शासन विज्ञका रुपमा लामो समयदेखि नेपाल सरकारको लागि प्राविधिक सहयोग दिने अन्तराष्ट्रिय दातृ संस्थाहरु मार्फत तत्कालिन स्थानीय विकास मन्त्रालय, निर्वाचन आयोगमा वसी काम गर्नुभएका न्यौपाने जिल्ला समन्वय समिति महासंघ नेपालको कार्यकारी महासचिवको तर्फबाट जिसस सम्बन्धी संबैधानिक प्रावधान (धारा २२०) तथा स्थानीय सरकार संचालन ऐन २०७४ समेतलाई प्रभावकारी कार्यान्वयनको प्रवन्ध गर्न महासंघको कार्य समितिलाई सहयोग गर्न प्रतिवद्ध रहनु भएको छ।

यसै विचमा महासंघ सचिवालयको तर्फबाट जिल्ला सभा संचालन कार्यविधि नमूना तयार गरी कार्य सम्पादन समितिको अनुमतिमा सबै ७७ वटै जिल्ला समन्वय समितिहरुलाई उपलब्ध गराउने प्रबन्ध सचिवालयले मिलाइएको छ।

महासंघको तर्फबाट जिससको क्षमता विकासका लागि आवश्यक नीतिगत तथा कार्यक्रमगत सहयोग जुटाउने प्रयोजनका लागि नेपाल सरकार संघीय मामिला मन्त्रालय तथा अन्य दातासंग सम्पर्क र समन्वयको कार्य अगाडि बढेको अवस्था छ।

# जिल्ला समन्वय समिति महासंघ नेपाल र सरोकारवाला विच अन्तरक्रिया

**पृष्ठभूमि**

सम्बिधान को भाग १७ मा स्थानीय कार्यपालिका को प्रावधान छ। धारा (२१४) अनुसार स्थानीय तहमा गाउँपालिका, नगरपालिकाको कार्यकारिणी अधिकारबारे व्यवस्था छ भने धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समिति रहने उल्लेख छ।




गाउँपालिका वा नगरपालिकाहरुलाई संविधानको धारा (२१४ को २) बमोजिम राज्य शक्तिको बाँडफाँड अन्तरगत अनुसूची ८ बमोजिमका २२ वटा एकल अधिकार र अनुसुची ९ का १५ वटा साझा अधिकारहरु संघ र प्रदेश कानून संग नबाझ्नेगरी कानून वनाई कार्यान्वयन गर्न पाउने व्यवस्था गरेको छ धारा २२० (१) मा जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न एक जिल्ला सभा रहनेछ भन्ने उल्लेख छ।

सोही धारा को (७)मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छ : (क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, (ख) विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, (ग) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, र (घ) प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने।

धारा २२० को उपधारा (३) मा जिल्ला सभा जसमा जिल्ला भित्रका गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिका प्रमुख र उपप्रमुख सदस्य रहने।

जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने।

सो समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भनि प्रावधान भएको संन्दर्भमा बर्तमान ७७ जिल्ला समन्वय समितिहरुले संघ, प्रदेश तथा स्थानीय तहमा कस्तो समन्वय कसरी गर्ने भन्ने विषयमा समन्वयको प्रबन्धनका सम्बन्धमा विज्ञ तथा सरोकारवालाको उचित राय सुझावका लागि जिसस महासंघ नेपालले एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको हो।

### उद्देश्य

संविधानको धारा २२०(७) मा उल्लेखित कार्यहरुलाई समन्वयात्मक ढंगवाट कसरी सम्पादन गर्ने र यसमा महासंघको भूमिका कस्तो रहनुपर्ला भन्ने सुझाव संकलन गर्ने ।

### कार्यबिधि

छलफल कार्यक्रमको सभापति श्री सिता कुमारी सुन्दास (अध्यक्ष, जिसस महासंघ नेपाल)को अध्यक्षतामा जिविस महासंघ नेपालका संस्थापक अध्यक्ष श्री कृष्णलाल सापकोटा, निवर्तमान अध्यक्ष श्री कृष्णप्रसाद सापकोटा, प्रवक्ता कृष्णप्रसाद जैसी, निवर्तमान माननीय श्री रामचन्द्र पोखेलज्यू, पूर्व महासचिव हेमराज लामिछाने तथा अन्य विशिष्ट व्यक्तिहरुको उपस्थिति थियो ।

यस छलफलको बारेमा बुद्धिजिवीहरु, कानूनी विज्ञहरु, स्थानीय स्तरमा संलग्न राजनैतिक कार्यकर्ताहरु आदिको सक्रिय सहभागिता रहेको थियो । (अनुसूची २)

यस अन्तरक्रियामा संघिय नेपालमा अन्तरसरकारी सम्बन्ध : जिल्ला सभा र समन्वय समितिको संभावित भूमिका, चुनौती र अवसरहरुका बारेमा संबैधानिक व्यवस्थाबारे महासंघको प्रस्तुति र त्यस उपर छलफल तथा सुझाव संकलन गरी निचोड निकाल्ने प्रयास भएको थियो ।

### अन्तरक्रियाको सार :

स्थानीय शासन विज्ञ तथा तत्कालिन जिविस महासंघ नेपालका महासचिव श्री श्यामकृष्ण भूर्तेलले महासंघका सदस्य जिल्ला समन्वय समितिहरुको हालको व्यवस्थाका संर्न्दभमा निम्न अवस्था रहेको बाट प्रस्तुतिकरण सुरु गर्नु भएको थियो ।

संघीय नेपाल: राज्य संरचना, संगठनात्मक स्वरुप, अधिकार, श्रोत साधन, निर्णय प्रकृया र सेवा प्रवाहमा नया रुपान्तरण,आ-आफ्ना अधिकार सम्पन्न र कार्यान्वयन गर्न सक्ने हैशियतका सरकारहरु, संघ, प्रदेश, स्थानीय को गठन, राज्य अधिकार प्रयोग र कर्तव्यको निर्वाह सामुहिक एवं तहगत अधिकार बाँडफाँड अनुरुप गर्न पाउने र व्यवस्थापकीय र श्रोत साधन परिचालन बन्दोवस्त, अन्तर सरकार वीच समन्वयात्मक र तहगत सरकारका आ-आफ्नै दायरा रहेको बिषयलाई विभिन्न स्थलगत भ्रमणका क्रममा आएका सवाल तथा स्थानगत र निर्वाचित जनप्रतिनिधिको क्षमता अनुसार कार्यान्वयनमा विविधता देखिएको प्रष्टाउनु भएको थियो ।

उहाँले कतिपय सवाल उठेका सुनाउन सक्छु तर त्यसको उत्तर आफूसंग नभएको भएपनि महासंघले यसलाई अवसरको रुपमा लिएर आफ्नो समन्वयकारी भूमिकामा संघ, प्रदेश तथा स्थानीयतहमा संविधानको मर्म अनुसारकारको सहकार्य, सहअस्तित्व र समन्वयको लागि नीति, नियम वनाएर आफना सदस्यहरुलाई त्यस्ता सेवा जिल्लास्तरमा दिनसक्ने वनाउनु आवश्यक छ भन्नु भएको थियो । अर्को संर्न्दर्भलाई जोड्दै उहाले <u>**अन्तर सरकार सम्बन्ध**</u> (मूलभूत सिद्धान्त र विधायिकी) का सवालमा संविधानका प्रावधानलाई केलाएर महासंघले जिल्ला समन्वय समितिको कार्यदिशा तय हुन निम्न पक्षलाई उठान गरि त्यसमा पुष्टयाई समेत दिनु भएको थियो । जसमा संविधानका : क) मूलभूत सिद्धान्त : तिन तहका सरकारहरुको अन्तर सम्बन्ध सहकारिता, समन्वय र सहअस्तित्वमा आधारित (संविधान धारा ३०२) । ख) विधायिकी अन्तर सम्बन्ध : परस्परमा नवाझिने कानून, संघ, प्रदेश, स्थानीय, स्थानीय प्रदेश, संघ (संविधान धारा ५७ (६-७)), ग) राष्ट्रिय सभामा प्रदेश र स्थानीय सरकारको उच्च प्रतिनिधित्व : राष्ट्रिय सभाको ५९ मध्ये ५६ सदस्य, नीतिगत र कानूनी क्षेत्रहरुमा विधायिकी स्तरको समन्वय, घ) संघले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा नीति, मापदण्ड र कानून बनाउन सक्ने (५९-२) र ङ) प्रदेश र स्थानीय तहको बजेट, संघीय स्थानीय कानून बमोजिम आर्थिक अधिकार र राजश्व श्रोतको बाडफाडको आधार मूलत संघीय र प्रदेश स्थानीय वीच प्रदेश कानून बमोजिम (धारा ५९-६०) हुने वारे उल्लेख गर्नु भएको थियो ।

उहाँले <u>**अन्तर सरकार सम्बन्धबारे कानून बनाउने र निर्देशन दिने बन्दोवस्त वारे सबिधानको आशयवारे निम्न प्रस्तुति राख्नु भयो :**</u>

- अन्तर सरकार समन्वय कार्य प्रणाली संघीय कानून बमोजिम हुने (धारा २३५)
- नेपाल सरकारले आफै वा प्रदेश मार्फत स्थानीय सरकारलाई संविधान र संघीय कानून मार्फत आवश्यक सहयोग र निर्देशन दिन सक्ने, सो निर्देशनको पालना हुनुपर्ने (धारा २३२ (८))
- प्रदेश सभाले प्रदेश र स्थानीय तह वीच वा स्थानीय तहवीच विवाद र समन्वय गर्न समन्वय गरी (जिसस संग समेत) काम गर्न सक्ने (धारा २३५ (२))
- विधी र प्रकृया प्रदेश कानून बमोजिम हुने

जिल्ला समन्वय समितिको लागि उहाले जिल्ला समन्वय समितिको निर्वाचन र व्यवस्थापन, संविधान र ऐनबाट प्रदत समन्वयको



भूमिका, विकास निर्माणका विषय पहिचान, व्यवस्थापनमा समन्वय, सन्तुलन (गैसस, निजी क्षेत्र समेत), क्षमता विकास, विवाद समाधानमा सहजिकरण र समन्वय तथा प्राकृतिक प्रकोप र विपद व्यवस्थापन वारे जिसस को कार्य अपरिहार्य भएको उल्लेख गर्नु भएको थियो ।

जिल्ला समन्वय समितिहरुका अवसर र चुनौतिवारे आफनो धारणा समेत निम्नानुसार राख्नु भयो :

**जिल्ला सभा र समन्वय समितिका को सफलता अवसर चिन्ने र चुनौती चिर्नेमा केन्द्रित हुनुपर्ने हो ।**

**अवसरहरु :**

- गा.पा. र न.पा.को सामुहिक संस्था
- सामुहिक निर्णयको अवसर र सहमतिका आधारमा निर्णय प्रकृया कार्यान्वयन
- सभा र समन्वय समितिले गा.पा. र न.पा.का लागि उपयुक्त कार्यक्रम निर्माण र सहजीकरणका नयाँ अवसर माग र नयाँ सोचाई
- साझारुपमा सेवा प्रवाह
- अनुसन्धान र प्रतिनिधित्व
- समन्वयबारे अस्पष्ट स्थिति भएको अवस्थाको सकारात्मक प्रयोगका अवसर
- कार्यक्रमहरुको व्यवस्थापन र रिपोर्टिङ्ग,
- सृजनशिलता अन्तर सरकार समन्वयमा जोडने संयन्त्र

**चुनौतिहरु :**

- संविधान र कानूनबाटै काम, कर्तव्य र अधिकारको दायरा स्पष्ट नहुनु
- काम, कर्तव्य तोकिएको तर प्रकृया दायित्व र कार्यान्वयन पक्ष अपरिभाषित
- सभा र समितिको भूमिका र पहिचानको स्थापना र ग्राहयता
- आफ्नो कार्य बारे असन्तुष्टी र दृष्टिकोणमा अस्पष्टता
- सम्भावित विश्वासको संकट (गा.पा., न.पा. र जिल्ला सभा, समन्वय समिति वीच)
- जिल्लास्तरका सडक संजाल, प्राकृतिक प्रकोप न्यूनिकरण, प्राकृतिक श्रोत माथिको स्वामित्ववारे सहजिकरण, संम्बध्दतथा जिल्ला सर्म्पक विन्दु जस्ताकुरामा कसले समन्वय गर्ने : कार्यक्रमहरुको व्यवस्थापन र रिपोर्टिङ्ग, तथा सृजनशिलता अन्तर सरकार समन्वयमा जोडने संयन्त्र

उक्त प्रस्तुतिमा संस्थागत धारणा राख्न उपस्थित मध्ये संम्बिधान विद तथा कानूनका व्याख्याता डा. चन्द्रकान्त ज्ञवालले संबिधानको भावना भन्दा संकुचित भएर लागुभएको स्थानीय सरकार संचालन ऐन २०७४ ले जि स स महासंघ, गापा महासंघ तथा नगरपालिका संघको भूमिका सुन्य पारेकोले कानुन संसोधनको लागि प्रयास गर्न सुझाव दिनुभयो । उहाँले कानूनका व्याख्या mechanical र organic हुने र त्यसको chemistry मिल्नु पर्ने भन्दै । जनताको मनसाय के थियो र संबिधान बन्यो ? त्यसको बिषय Mechnical हो । जिल्ला सभाले समन्वयकारी कानून निर्माण गर्न सक्ने , अनुगमन प्रणाली र त्यसको कानूनी मान्यताका लागि कानून निर्माण गनृ सक्ने उल्लेख गर्नु भयो । जिल्ला सभा संसद हो । धारा २७४ (२ देखि ४)मा प्रदेश अधिकार को पक्ष हो भन्नुहुदै स्थानीय सरकार संचालन ऐन संसोधनकको प्रस्ताव गर्न सकिने उल्लेख गर्नु भएको थियो ।

**निचोड**

यस प्रकारको छलफल कार्यक्रम सम्बन्धित सबैलाई नै उपयोगी भएको महशुस गर्दै बेलाबेलामा यस्ता कार्यक्रमहरको आयोजना हुनुपर्ने ।

गाउँपालिका महासंघ र नगरपालिका संघका प्रतिनिधिहरुले तिनै संस्था मिलेको र विज्ञहरु सहित एक समिति वनाउन र आवश्यक दवाव सहित कानून निर्माणको लागि जुट्नु पर्ने ।

# विभिन्न कार्यक्रममा महासंघको सहभागिता

२०७५ असार १४-१५ गते दुई दिन नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) ले Public Policy and Governance in South ASIA : Thousands Justice and Prosperity विषयमा कार्यशाला गोष्ठीको आयोजना गरी महासंघको सहभागिताको लागि निमन्त्रणा गरिएको थियो । उक्त गोष्ठीमा सामाजिक न्याय र सम्बृद्धि, सार्वजनिक प्रशासन र नेपाली निजामति सेवामा आकर्षण नेपालमा सुशासनको चुनौति (नुवाकोटको अध्ययन) योगदानमा आधारित निवृत्ति भरण (पेन्सन) प्रणाली र यसको दीगोपना सम्बन्धी कार्यपत्र प्रस्तुति भएको थियो । त्यस्तै सार्वजनिक सेवा प्रवाह र चुनौति दक्षिण एसियाको सन्दर्भ, सामाजिक न्याय र समावेशीता सम्बन्धमा ढाका विश्वविद्यालयका प्रोफेसर Syeda Lasna Kasir तथा Mr. Samar Verma, Think Tank India (TTI) प्रस्तुती र टिप्पणी भएका थिए ।

कार्यक्रममा नेपालका पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईले नेपालमा सामाजिक न्याय र आर्थिक सम्बृद्धि विषयमा कार्यपत्र प्रस्तुत गर्दै देशको सम्बृद्धिका लागि (क) उच्च आर्थिक वृद्धिदर, (ख) समावेसी विकास र सामाजिक न्याय, (ग) दिगो विकासका लागि वातावरण संरक्षण तथा (घ) व्यक्तिगत खुशीकालागि भावनात्मक परिवर्तन आवश्यक हुने कुरा बताउँदै नेपालको विविधता भिन्न सामाजिक न्यायको पक्षलाई सुदृढ गरेर सम्बृद्धिमा जाने गरी नीति र कार्यदिशा हुनुपर्छ भन्नुभयो ।

अर्को सत्रमा संघियतामा विभिन्न तहका सरकारहरुको सम्बन्धबारे नीति फाउण्डेशनका Policy Advisor Mr. George Varughese ले कार्यपत्र प्रस्तुत गर्दै नेपालको संविधान बनाउँदा राखिएका प्रावधानको परिचालनलाई उचित कानुन बनाएर सरकारले कार्यान्वयन गर्न नसक्दा संघियता नै धरापमा हो कि भन्ने अवस्था आएकोले सरकारका तर्फबाट नीति निर्माणमा सक्रियता आवश्यक भएको औंल्याउनु भएको थियो ।

जिसस महासंघ नेपालको तर्फबाट कार्यकारी महासचिवले भाग लिनुभएको थियो । उक्त कार्यशालामा महासंघको भूमिका संविधानमा उल्लेखित जिल्ला समन्वय समिति र सभाको गठन तथा कार्यबारे सरकार र राजनैतिक पार्टीको सहयोग र समनवयका लागि प्रयास भइरहेकोबारे जानकारी दिँदै समन्वय र अनुगमनको भूमिकामा जिससहरु प्रभावकारी हुन क्षमता विकासको लागि सहयोग आवश्यक भएको कुरा सहभागि बंगलादेश तथा भारतका प्रतिनिधी लागायत संघीय संरचना आयोगका अध्यक्ष वालानन्द पौडेलले बताउनु भएको थियो । पौडेलले जिससहरुले आफ्नो जिल्ला स्थित स्थानीय तहको लागि आवश्यक सहयोग र समनवय सम्बन्धी विषयको वकालत प्रदेश र संघीय सरकार समक्ष ल्याउन ढिलो गर्ननहुने बताउनु भयो ।

संघीयता नेपालमा नयाँ अभ्यास भएकाले संविधानका प्रावधान र प्रस्ताव गरिएका सरकार र संयन्त्रहरुले विना हिचकिचाहट आफ्नो भूमिका र कार्यक्षेत्र आफैले पहिचान गरी परिचालित हुँदा मात्र यसका परिणामले भविष्यको कार्यदीशा निर्धारण गर्ने कुरामा उहाँले जोड दिनु भयो ।

# गतिविधि ...

जिल्ला समन्वय समिति महासंघ नेपालले ७७ वटै जिल्ला समन्वय समितिहरुको विभिन्न मागहरु लिएर सातै वटा प्रदेशमा पुगेका थिए । प्रदेश नं. २, ३ र ५ मा जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष श्री सीता सुन्दास, उपाध्यक्ष श्री सन्तमान तामाङ्ग, प्रवक्ता श्री नवराज गेलाल तथा सदस्य श्री डबल पाण्डले जिल्ला समन्वय समितिका प्रमुखहरूले सेवासुविधाको व्यवस्था गर्न प्रदेश सरकारसमक्ष माग गरेका छन् । महासंघले प्रदेशका मुख्यमन्त्री, सभामुख तथा मन्त्रीहरूलाई ध्यानाकर्षण-पत्र बुझाउँदै मासिक तलब, भ्रमण भत्ता, बैठक भत्ता लगायतको सेवासुविधाको माग गरेका हुन ।

२०७४ फागुन ९ गते प्रदेश नं. २ जनकपुरको धनुषा जिल्ला समन्वय समितिको बैठकमा सबै सदस्यहरु उपस्थिति गराइ प्रमुखको अध्यक्षतामा बैठक बसी प्रदेश सरकारलाई सुझाव पेश गर्ने निर्णय गरियो । उक्त दिन मुख्यमन्त्रीको विश्वासको मतदिने दिन परेकोले संसदज्यूहरुलाई भेटन सकिएन । तरपनि बैठक सक्रिय सहभागिताका साथ सम्पन्न गरियो ।

२०७४ फागुन ११ गते, प्रदेश नं. ३ का प्रमुखको अध्यक्षतामा हेटौंडामा बैठक बसी प्रदेशसभालाई जिल्ला समन्वय समिति महासंघले तयार परिएको मस्यौदा अनुसार व्यवस्था गरिदिन अनुरोध गर्दै र प्रदेश सचिवलाई ध्यानाकर्षण-पत्र बुझाएको थियो । उक्त बैठकमा ३५ जना सहभागीहरुका साथ थिए ।

२०७४ फागुन १२ गते प्रदेश नं. ३ को बुटवलमा र सो को भोलिपल्ट सुनौलिमा ४० जना सहभागिताहरुका साथ प्रमुखको अध्यक्षतामा बैठक समायानुकुल निर्णय गरीयो र मुख्यमन्त्री समेतलाई ध्यानाकर्षण र जिल्ला समन्वय समितिको समस्या अवगत गराउनु भयो ।

२०७४ फागुन १४ गते प्रदेश नं. ५ कास्कीका ३५ जना सहभागिहरुका साथ प्रमुखज्यूको अध्यक्षतामा बैठक सम्पन्न भयो । बैठकमा कास्की महानगर प्रमुख मान बहादुर जि.सी. समेतको उपस्थिति रहृयो र मुख्यमन्त्री, मन्त्रीहरुसंग बसी जिल्ला समन्वय समितिको हालको समस्या राखी मस्यौदा बुझाउने काम सम्पन्न भयो ।




प्रदेश नं. २



प्रदेश नं. ३



प्रदेश नं. ५

## प्रदेश ७ अन्तरगत जिल्ला समन्वय समिति महासंघ नेपालको

# ध्यानाकर्षण-पत्र

प्रदेश नं. ७ का नौ वटै जिल्लाका जिल्ला समन्वय समितिका प्रमुखहरूले सेवासुविधाको व्यवस्था गर्न प्रदेश सरकारसमक्ष माग गरेका छन् । जिल्ला समन्वय समिति महासंघ नेपाल प्रदेश नं. ७ ले मुख्यमन्त्री, सभामुख तथा मन्त्रीहरूलाई धनगढीमा ध्यानाकर्षण-पत्र बुझाउँदै मासिक तलब, भ्रमण भत्ता, बैठक भत्ता लगायतको सेवासुविधाको माग गरेका हुन । महासंघका प्रदेश नं. ७ का अध्यक्ष (डडेलधुरा जिसस प्रमुख) श्री गणेश भट्टले ध्यानाकर्षण-पत्र बुझाउँदै प्रमुखको ४५ हजार, उपप्रमुखको ४० हजार तलबसहित आवास, गाडी, स्वकीय सचिवको व्यवस्था गर्न माग गरेका हुन । त्यस्तै, सदस्यको ३० हजार रूपैयाँ मासिक तलबसँगै अवैतनिक जिल्ला समन्वय समिति सल्लाहकारको व्यवस्था गर्न पनि माग गरिएको छ ।

यस्तै, उहाँहरूले प्रमुखलाई २ हजार ५ सय, उपप्रमुखलाई २ हजार र सदस्यलाई पनि २ हजारकै दरले भ्रमण भत्ता तथा बैठक भत्ता १ हजार ६ सयका दरले व्यवस्था गर्न माग गरे ।

महासंघको प्रदेश समितिले जिल्ला समन्वय समितिको अधिकारसम्बन्धी ऐन तथा नियमावली निर्माणमा पहल गर्न आग्रह गरेको छ । संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता र समन्वयलाई प्रवर्द्धन गर्दै जिल्लाासभाको अन्य काम, कर्तव्य र अधिकारका सम्बन्धमा आवश्यक व्यवस्थादेखि जिल्लासभा सञ्चालन गर्न जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा लगायतका विषयमा आवश्यक कानुन व्यवस्थाका लागि कार्यालयमै पुगेर ध्यानाकर्षण-पत्र बुझाइएको जिल्ला समन्वय समिति महासंघ नेपाल प्रदेश ७ का अध्यक्ष गणेश भट्टले जानकारी दिए ।

जिल्ला समन्वय समिति अधिकारविहीन अवस्थाबाट गुज्रेकाले ऐन र नियम निर्माण गरेर प्राप्त जिम्मेवारीलाई परिभाषित गर्न दबाब सिर्जना गर्न बिहीबार प्रदेश सभामुख अर्जुनबहादुर थापा, मुख्यमन्त्री त्रिलोचन भट्ट, आर्थिक मामिला तथा योजनामन्त्री झपटबहादुर बोहरा, सामाजिक विकासमन्त्री दीर्घबहादुर सोडारी लगायतलाई भेटेर ध्यानाकर्षणपत्र बुझाएको उनले बताए ।

# जिल्ला समन्वय समितिहरुको दायरा फराकिलो बनाईदिन सरकारलाई आग्रह

असार २७, प्रदेश नम्बर ३ अर्न्तगत जिल्ला समन्वय समिति महासंघ नेपालका केन्द्रिय सदस्य तथा दोलखा जिल्ला समन्वय समितिका प्रमुख डबल पाण्डेको अगुवाईमा प्रदेश नम्बर ३ का जिल्ला समन्वय समितिहरु कानुनी रुपमै सहज तरिकाले समन्वय गर्ने वातावरण बनाउन संयुक्त बैठकले प्रदेश सभा र सरकारलाई आग्रह गर्ने निर्णय गरेको छ ।


प्रदेश नम्बर ३ अर्न्तगत दोलखा, रामेछाप, सिन्धुली र सिन्धुपाल्चोकका जिल्ला समन्वय समितिहरुको संयुक्त बैठकले समन्वय समितिले कानुनी रुपमा पाएको अधिकारको पुर्ण प्रत्याभुति र समन्वयको दायरा फराकिलो पार्न प्रदेशलाई आग्रह गर्ने भएको हो ।




यहि असार २६ र २७ गते चरिकोटमा बसेको बैठकले ११ बुँदे प्रतिबद्धता जारी गर्दै बैठकका निर्णयहरु सार्वजनिक गरेको छ । प्रतिबद्धता पत्रमा जिल्ला सभा संचालित, संघिय बाहेकका जिल्लास्थित सरकारी कार्यालयहरुको नियन्त्रण, गैरसरकारी संस्थाहरुको अनुगमन पश्चात्त सुझाव कार्यान्वयन लगायतका विषयमा यथाशिघ्र कानुनी व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ । निर्वाचित हुँदाहुँदै पनि समन्वय समितिको उपप्रमुख, सदस्य, वडा अध्यक्ष र वडा सदस्यहरुको वरियताक्रमलाई वेवास्ता गरिएको भन्दै वरियताक्रम निर्धारण गर्न माग गर्ने निर्णय गरिएको छ ।

त्यसैगरी जिल्लाभित्र एक भन्दा बढी स्थानिय तह कार्यक्षेत्र रहेको सहकारीको अनुगमन तथा नियमन गर्ने, बाल अधिकार र बालसंरक्षणको क्षेत्रमा काम गर्न समन्वय समितिका सदस्यहरु अनुगमनको जिम्मेवारी दिने, समन्वय समितिका लागि आवश्यक बजेट खर्च गर्न पाउने कानुनी बाटो फुकुवा गर्न र बाझिएका कानुन संशोधन गर्न समेत प्रदेश र केन्द्र सरकारलाई ध्यानाकर्षण गराउने लगायतका बुँदाहरु समेटिएको छ । प्रतिबद्धता पत्रमा दोलखा समन्वय समितिका प्रमुख डबल पाण्डे, रामेछापका प्रेमबहादुर खड्का, सिन्धुलीका शंकरराज बर्मा र सिन्धुपाल्चोकका कृष्णगोपाल तामाङले हस्ताक्षर गर्नुभएको छ ।

जिल्ला समन्वय समिति दोलखाको आयोजनामा भएको बैठकमा दोलखा, रामेछाप, सिन्धुली र सिन्धुपाल्चोक जिल्लाका समन्वय समिति प्रमुख, उपप्रमुख, सदस्यहरु र समन्वय अधिकारीहरुको सहभागिता रहेको समन्वय समिति दोलखाका प्रमुख डबल पाण्डेले जानकारी दिनुभयो ।



**हाम्रो प्रतिवद्धता**

मिति २०७५ आषाढ २६ र २७ गते जिल्ला समन्वय समिति दोलखा, चरिकोटमा आयोजित जिल्ला समन्वय समिति, दोलखा, रामेछाप, सिन्धुली र सिन्धुपाल्चोकका प्रमुख, उपप्रमुख एवं सदस्यहरुको संयुक्त बैठकबाट देहाय बमोजिमको ११ बुँदे संयुक्त प्रतिवद्धता पत्र जारी गर्ने निर्णय गरियो:

१. नेपालको संविधानका साथै स्थानीय सरकार संचालन ऐन, २०७४ मा जिल्ला सभा र जिल्लासमन्वय समितिलाई तोकिएको कार्य जिम्मेवारी अन्तर्गत स्थानीय तहको क्षमता विकास, समन्वय, अनुगमन तथा सन्तुलित विकासका कार्यलाई दक्ष र प्रभावकारीढंगले सम्पादन गर्ने,

२. विद्यमान संवैधानिक व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९३ (१) बमोजिम प्रदेश सरकारले जिल्ला सभालाई आवश्यक पर्ने बजेट उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्थाको पालना गरी बजेट उपलब्ध गराउन प्रदेश सरकार समक्ष अनुरोध गर्ने,


३. नेपालको संविधानको धारा २० को उपधारा (८) मा जिल्ला सभाको संचालन तथा जिल्ला सभा सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ भन्ने किटानी व्यवस्था भए अनुसार यथाशिघ्र कानूनी व्यवस्थाका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने,

४. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम जिल्ला समन्वय समितिले स्थानीय तह, सरकारी तथा गैरसरकारी संघसंस्थाबाट संचालित योजना र कार्यक्रमको अनुगमन, समन्वय र क्षमता विकास गर्ने तथा सन्तुलित विकास कायम गर्न आवश्यक सुझाव दिने व्यवस्था भए बमोजिम दिइएका सुझावको कार्यान्वयन तथा पालना गर्नुपर्ने कानूनी व्यवस्थाका लागि संघीय तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने,

५. नेपाल सरकारले सरकारी पदाधिकारीको लागि तोकिएको मर्यादाक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख एवं सदस्य, नगर तथा गाउँपालिकाका वडाध्यक्ष र सदस्यहरुको मर्यादाक्रम तोक्न छुटाएको विषयलाई गम्भीररुपमा ध्यानाकर्षण गराउँदै यथाशिघ्र यथोचित मर्यादाक्रम कायम गर्न संघीय तथा प्रदेश सरकारलाई अनुरोध गर्ने,

६. कानून बमोजिम संघीय सरकार अन्तर्गत रहने भनी किटान भएका संघीय कार्यालय बाहेक जिल्लास्तरमा रहने सरकारी कार्यालयहरु (शिक्षा विकास तथा समन्वय इकाई, कृषि ज्ञान केन्द्र आदि)को प्रत्यक्ष निर्देशन, नियन्त्रण र समन्वय जिल्ला समन्वय समितिले गर्ने कानूनी व्यवस्था गर्न संघीय तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने,

७ संविधान तथा कानून बमोजिम प्रदेश सभा तथा प्रदेश सरकारको कार्य जिम्मेवारी भित्रका विषयमध्ये प्रदेश सरकारले आवश्यकतानुसार जिल्ला सभा एवं जिल्ला समन्वय समितिलाई अधिकार प्रत्यायोजन गर्न सक्ने कानूनी व्यवस्थाको लागि प्रदेश सरकारसमक्ष अनुरोध गर्ने,



८. एक स्थानीय तह भन्दा बढी तहसंग अन्तरसम्बन्धित सहकारीहरुको अनुगमन र नियमन कार्य प्रदेश तहबाट गर्न सेवाप्रवाहको दृष्टिले समेत उपयुक्त नभएकोले जिल्ला भित्रै कार्यक्षेत्र भएका सहकारीहरुको अनुगमन एवं नियमन कार्य जिम्मेवारी जिल्ला समन्वय समितिलाई उपलब्ध गराउन प्रदेश सरकार समक्ष अनुरोध गर्ने,

९. राज्यको पुर्नसंरचना पश्चात स्थानीय तहमा हस्तान्तरण हुने जिल्ला सदरमुकामस्थित सरकारी कार्यालयहरुको चल अचल सम्पत्ति सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने निर्देशन प्राप्त भएतापनि जिल्लामा रहेका सबै गाउँ एवं नगरपालिकाहरुको सन्तुलित विकासको समन्वय गर्ने कानूनी दायित्व जिल्ला समन्वय समितिको भएकोले एउटै स्थानीय तहलाई मात्रै हस्तान्तरण नगरी सबै पालिकाहरुलाई समानुपातिक वितरण गर्नुपर्ने गरी तत्काल नीतिगत निर्देशनका लागि संघीय सरकार समक्ष अनुरोध गर्ने,

१०. बाल अधिकार तथा बाल संरक्षणका कार्यलाई प्राथमिकतापूर्वक अगाडि बढाउन जिल्ला समन्वय समितिका सदस्यको संयोजकत्वमा अनुगमन तथा समन्वय संयन्त्र गठन गरी बाल संरक्षणात्मक कार्यलाई प्रभावकारी तुल्याउने,

११. संवैधानिक व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम जिल्ला समन्वय समितिको काम, कर्तव्य तथा जिम्मेवारी सम्पादन गर्न यस समितिको आफनै कोषको परिचालनको लागि फुकुवा गर्ने व्यवस्थाका साथै पर्याप्त बजेट उपलब्ध गराउन र स्थानीय सरकार संचालन ऐन संग बाझिएका कानून संशोधन गरी संघीयता अनुकूल बनाउन संघीय एवं प्रदेश सरकारलाई अनुरोध गर्ने ।

| | | | |
|---|---|---|---|
| डबल पाण्डे | शंकर राज बर्मा | प्रेमबहादुर खड्का | कृष्णगोपाल तामाङ |
| प्रमुख | प्रमुख | प्रमुख | प्रमुख |
| जिल्ला समन्वय समिति | जिल्ला समन्वय समिति | जिल्ला समन्वय समिति | जिल्ला समन्वय समिति |
| दोलखा | सिन्धुली | रामेछाप | सिन्धुपाल्चोक |

मिति: २०७५।३।२७ गते ।



प्रदेश नं. ४ का माननीय मुख्य मन्त्री रामशरण बस्नेतज्यूलाई जिसस महासंघ नेपालको तर्फबाट सुझाव दिंदै



जिसस महासंघ नेपालको तर्फबाट माननीय कानुनमन्त्री शेर बहादुर तामाङ्गज्यूलाई हार्दिक बधाई तथा शुभकामना दिंदै



गृहमन्त्री र जिसस महासंघका अध्यक्ष लगायतका पदाधिकारी वीच अन्तरक्रिया



प्रदेश अन्तरगत मुख्यमन्त्रीलाई ध्यानाकर्षण-पत्र बारे छलफलको क्रममा जिसस महासंघका अध्यक्ष लगायतका पदाधिकारीहरु







Participated in Training on Leadership and Gender Equality for Improved Local Goverance

***सम्पादन :*** *कृष्ण चन्द्र न्यौपाने,* ***सामग्री संकलन तथा लेआउट :*** *दिनेश श्रेष्ठ*

जिल्ला समन्वय समिति महासंघ नेपाल Association of District Coordination Committees of Nepal (ADCCN)

☎: 977-15554081, 5529202 **Fax #** 977-1-5548469 Sanepa Mode, Lalitpur,

**E-mail :** addcn@addcn.org.np; adccn77@gmail.com **URL:** www.addcn.org.np